# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, मंसिर १५ गते, २०८२ साल (संख्या ४६

## भाग ५

### निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोगले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १० बमोजिम नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (समाजवादी) र नेपाल कम्युनिष्ट पार्टी माओवादी समाजवादी नामक राजनीतिक दलहरू एकीकरण गरी "नेपाली कम्युनिष्ट पार्टी" नामक राजनीतिक दल कायम गर्ने निर्णय गरेकोले सोही दफाको उपदफा (८) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

निर्वाचन आयोगले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम देहायका राजनीतिक दल दर्ता गर्ने निर्णय गरेकोले सोही दफाको उपदफा (५) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छः-

| क्र.सं. | दलको नाम | | दलको सङ्क्षिप्त नाम | | दल दर्ता मिति |
|---|---|---|---|---|---|
| | नेपालीमा | अंग्रेजीमा | नेपालीमा | अङ्ग्रेजीमा | |
| १. | राष्ट्रिय जनमुक्ति पार्टी | Rastriya Janamukti Party | राजमुपा | RJMP | २०८२।०६।२४ |
| २. | श्रम संस्कृति पार्टी | Labour Culture Party | श्रसपा | | २०८२।०७।१६ |
| ३. | गतिशील लोकतान्त्रिक पार्टी | Gatisheel Loktantrik Party | गतिशील पार्टी | | २०८२।०७।२३ |
| ४. | नागरिक उन्मुक्ति पार्टी, नेपाल | People's Liberation-Party, Nepal | नाउपा, नेपाल | PLPN | २०८२।०७।२५ |
| ५. | राष्ट्रिय परिवर्तन पार्टी | National Transformation Party | रापपा | NTP | २०८२।०७।३० |
| ६. | राष्ट्रिय जनमत पार्टी | Rashtriya Janamat Party | राजपा | RJP | २०८२।०८।०१ |
| ७. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | Communist Party of Nepal (Maoist) | नेकपा (माओवादी) | CPN Maoist | २०८२।०८।०२ |

# सूचना ३

निर्वाचन आयोगले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १२ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम ११ बमोजिम दलको दर्ता खारेज गर्न "नेपाल कम्युनिष्ट पार्टी एकता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय अभियान" नामक राजनीतिक दलले दिएको निवेदनको आधारमा सो दलको दर्ता खारेज गर्ने निर्णय गरेकोले सोही नियमावलीको नियम ११ को उपनियम (९) को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**माहादेव पन्थ**
**सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।